# सपुर्दगी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** सपुर्दगी गर्न सकिने कसूरको फरार अभियुक्त वा कसूरदारलाई कानून बमोजिम कारबाही गर्ने सम्बन्धमा प्रचलित सपुर्दगी सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन बाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१ **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "सपुर्दगी ऐन, २०६६" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकानब्बेऔं दिनमा प्रारम्भ हुनेछ।

२ **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) "कसूर" भन्नाले दफा ४ बमोजिमको कसूर सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "फरार अभियुक्त वा कसूरदार" भन्नाले विदेशी राज्यमा कुनै कसूरको आरोप लागेको वा कुनै कसूरमा सजाय पाएको र नेपालमा रहे बसेको वा नेपालमा कुनै कसूरको आरोप लागेको वा कुनै कसूरमा सजाय पाएको र विदेशी राज्यमा गई बसेको अभियुक्त वा कसूरदार सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, गृह मन्त्रालय सम्झनु पर्छ।

(ङ) "माग गर्ने राज्य" भन्नाले फरार अभियुक्त वा कसूरदारको सपुर्दगीका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने विदेशी राज्य सम्झनु पर्छ।

(च) "सपुर्दगी" भन्नाले माग गर्ने राज्यको अनुरोधमा फरार अभियुक्त वा कसूरदारलाई त्यस्तो राज्य समक्ष सुम्पिने कार्य सम्झनु पर्छ र सो शव्दले नेपालको अनुरोधमा फरार अभियुक्त वा कसूरदारलाई सम्बन्धित राज्यले नेपालसमक्ष सुम्पिने कार्य समेतलाई जनाउँछ।

(छ) "सपुर्दगी सन्धि" भन्नाले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने गरी नेपालले कुनै विदेशी राज्यसँग गरेको सन्धि सम्झनु पर्छ र सो शब्दले सपुर्दगीको प्रयोजनका लागि भएको समझदारी समेतलाई जनाउँछ।

३ **सपुर्दगी गर्न सकिने:** (१) फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि नेपाल सरकारसमक्ष कुनै राज्यले अनुरोध गरेमा नेपाल सरकारले देहायको अवस्थामा त्यस्तो अभियुक्त वा कसूरदारलाई यस ऐनको अधीनमा रही त्यस्तो राज्य समक्ष सपुर्दगी गर्न सक्नेछ:–

(क) सपुर्दगी सन्धि भएको,

(ख) दफा ४ बमोजिमको सपुर्दगी गर्न सकिने कसूर भएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा यस ऐनको अधीनमा रही सपुर्दगी गर्न सकिनेछ:-

(क) सपुर्दगी सम्बन्धी द्विपक्षीय सन्धि नभएको तर नेपाल पक्ष रहेको अन्य कुनै अन्तर्राष्ट्रिय सन्धि वा महासन्धिमा तोकिएको कुनै कसूरमा सपुर्दगी गर्नुपर्ने व्यवस्था भएको सन्धि वा महासन्धिको पक्ष रहेको कुनै राज्यले नेपाल सरकार समक्ष सपुर्दगीको लागि अनुरोध गरेकोमा,

(ख) कुनै राज्यले नेपाल सरकारसँग सपुर्दगीका सम्बन्धमा पारस्परिक सहयोग गर्ने समझदारीको प्रस्तावका आधारमा सपुर्दगीका लागि अनुरोध गरेकोमा ।

४ **सपुर्दगी गर्न सकिने कसूरः** देहायका कसूरलाई सपुर्दगी गर्न सकिने कसूर मानिनेछः-

(क) नेपालको कानून बमोजिम कम्तीमा एक वर्षको सजाय हुन सक्ने कसूर,

(ख) माग गर्ने राज्यको कानून बमोजिम कम्तीमा एक वर्षको सजाय हुनसक्ने कसूर,

(ग) खण्ड (क) र (ख) मा लेखिएको भन्दा कम सजाय हुने भए तापनि कर, राजस्व, बैङ्किङ्ग कारोबार, त्यस्तै किसिमको अन्य कुनै पनि किसिमका आर्थिक वा वित्तीय कसूर,

(घ) खण्ड (क) वा (ख) बमोजिमको कसूर गर्न उद्योग गर्ने, मतियार हुने वा त्यस्तो कसूर गर्न षडयन्त्र गर्ने वा त्यस्तो कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने कसूर ।

५ **सपुर्दगी गर्न इन्कार गरिनेः** (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा कुनैपनि फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गरिने छैनः -

(क) फरार अभियुक्त वा कसूरदारले गरेको कसूर राजनीतिक प्रकृतिको भएमा,

(ख) जातजाति, वर्ण, धर्म, राष्ट्रियता वा राजनीतिक विचारधाराको आधारमा कारबाही चलाइएको वा कारवाही चलाइने सम्भावना भएमा,

(ग) जातजाति, वर्ण, धर्म, राष्ट्रियता वा राजनीतिक आस्थाबाट पूर्वाग्रहि भई मुद्दाको सुनुवाई गरिएको वा सुनुवाई गरी सजाय गरिने सम्भावना भएमा,

(घ) मृत्युदण्डको सजाय भएको वा मृत्युदण्ड सजाय हुन सक्ने गरी अभियोग लागेकोमा,

तर फरार अभियुक्तलाई सपुर्दगी गरिएमा मृत्युदण्डको सजाय नगरिने प्रतिबद्धता माग गर्ने राज्यले सपुर्दगीको लागि अनुरोध गर्दाका बखत व्यक्त गरेमा सपुर्दगी गर्न सकिनेछ ।

(ङ) नेपालको नागरिक भएमा,

(च) माग गर्ने राज्यको सैनिक कानून अन्तर्गत सजाय हुने कसूर भएमा,

(छ) जुन कसूरको सम्बन्धमा सपुर्दगीको माग गरिएको हो सोही कसूरमा नेपालको अदालतले निर्णय गरिसकेको भएमा,

(ज) फरार अभियुक्त वा कसूरदार बिरुद्ध नेपालको कुनै अदालतमा कुनै फौजदारी कसूरमा मुद्दाको कारबाही भईरहेको वा निज कसूरदार ठहरिई सजाय भुक्तान भई नसकेको,

(झ) माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीले मुद्दा वा सजायको कारबाही नचलाउने वा सजाय माफी गर्न निर्णय गरिसकेको भएमा,

(ञ) माग गर्ने राज्यको कानून बमोजिम कारबाही चलाउने हदम्याद समाप्त भइसकेको भएमा,

(ट) माग गर्ने राज्यको कानून बमोजिम सजायको उन्मुक्तिको सुविधा प्राप्त भएको व्यक्ति भएमा ।

(२) उपदफा (१) को खण्ड (क) प्रयोजनको लागि देहायको कसूरलाई राजनीतिक प्रकृतिको कसूर मानिने छैनः -

(क) भ्रष्टाचार,

(ख) मानव बेचबिखन वा जिउमास्ने बेच्ने,

(ग) लागू पदार्थको उत्पादन, संचय, ओसारपसार वा कारोबार,

(घ) कर, राजस्व, बैङ्किङ्ग कारोबार वा त्यस्तै किसिमको अन्य कुनै पनि किसिमका आर्थिक वा वित्तीय कसूर,

(ङ) कर्तव्य ज्यान,

(च) कुनै हतियार वा अन्य खतराजन्य पदार्थको प्रयोग गरी शारीरिक क्षति, चोटपटक वा अन्य शारीरिक खति पुऱ्याउने कसूर,

(छ) जीउज्यान वा सम्पत्तिमा हानी नोक्सानी वा क्षति पुऱ्याउने नियतले विष्फोटक पदार्थ उत्पादन गर्न वा प्रयोग गर्ने कसूर,

(ज) हातहतियार वा खरखजना सम्बन्धी कसूर,

(झ) कानून बमोजिमको थुना वा पक्राउबाट बच्नको लागि हात हतियारको प्रयोग गर्ने कसूर,

(ञ) शरीर बन्धक, अपहरण वा गैरकानूनी थुनछेक वा कब्जा सम्बन्धी कसूर,

(ट) सम्पत्ति शुद्धिकरण,

(ठ) यातना बिरुद्धको कसूर,

(ड) जर्वजस्ती करणी,

(ढ) जातीय हत्या सम्बन्धी कसूर,

(ण) संगठीत रुपमा गरेको कुनै कसूर,

नेपाल कानून आयोग

(त) खण्ड (क) देखि (ण) सम्मको कसूर गर्ने उद्योग, षडयन्त्र गरेमा वा त्यस्तो कसूर गर्ने कार्यमा मतियार वा अन्य कुनै किसिमले संलग्नता रहेकोमा ।

६ **सपुर्दगीको लागि अनुरोध गर्नुपर्नेः** (१) नेपालमा रहे बसेको वा तेस्रो मुलुकमा जाने क्रममा पारवहनमा रहेको फरार अभियुक्त वा कसूरदारको सपुर्दगीको लागि माग गर्ने राज्यले नेपाल सरकारसमक्ष अनुरोध गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुरोध गर्दा माग गर्ने राज्यले कूटनीतिक माध्यम मार्फत अनुरोध गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल पक्राउ गरी नियन्त्रणमा नलिएमा फरार अभियुक्त वा कसूरदार भागी बेपत्ता हुने सम्भावना भएमा त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई तत्काल पक्राउ गरी नियन्त्रणमा लिइदिन माग गर्ने राज्यले सोझै मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

तर पक्राउ परी नियन्त्रणमा लिनुपर्ने फरार अभियुक्तको हकमा प्रथम दृष्टिमा नै अभियुक्त देखिने प्रमाण र कसूरदारको हकमा फैसला उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रमाण र फैसलाको आधारमा फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गरिएको अवस्थामा पक्राउ परेको मितिले सात दिन भित्र यथाशक्य छिटो त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि माग गर्ने राज्यले कूटनीतिक माध्यम मार्फत नेपाल सरकारसमक्ष अनुरोध गर्नुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम अनुरोध नगरेमा पक्राउ परेको फरार अभियुक्त वा कसूरदारलाई तत्काल थुनाबाट मुक्त गर्नुपर्नेछ ।

(६) यस दफा बमोजिम सपुर्दगीको लागि अनुरोध गर्दा माग गर्ने राज्यले देहायका विवरण तथा कागजात संलग्न गर्नुपर्नेछ -

(क) फरार अभियुक्त वा कसूरदारको पहिचान हुन सक्ने यथार्थ विवरण र त्यस्तो अभियुक्त वा कसूरदारको हुलिया, राष्ट्रियता तथा यथासम्भव हाल बसोबास गरिरहेको स्थानको पुष्टी हुने जानकारी,

(ख) कसूर भएको स्थान, मिति र कसूरको विवरण,

(ग) कसूरसँग सम्बन्धित प्रमाण कागजात,

(घ) कसूरका सम्बन्धमा माग गर्ने राज्यको प्रचलित कानूनी व्यवस्था र कसूर ठहरेमा वा ठहरि सकेकोमा हुनसक्ने वा भएको अधिकतम सजाय,

(ङ) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर बाहेक अन्य कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,

(च) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर वापत हुन सक्ने सजाय भन्दा कम सजाय हुन सक्ने कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,



नेपाल कानून आयोग

(छ) सपुर्दगी गरिएको फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै राज्यलाई पुनः सपुर्दगी नगर्ने प्रतिबद्धता ।

(ज) खण्ड (छ) बमोजिम सपुर्दगी नगरी नहुने अवस्थामा नेपाल सरकारको पूर्व सहमति लिने प्रतिबद्धता ।

(५) फरार अभियुक्त वा कसूरदारको सपुर्दगीका लागि अनुरोध गर्दा माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीबाट त्यस्तो अभियुक्त वा कसूरदारको पक्राउका लागि जारी गरिएको वारण्ट समेत संलग्न गर्नुपर्नेछ ।

(६) कसूरदारको सपुर्दगीको अनुरोध गर्दा माग गर्ने राज्यले आफ्नो अदालतले निजको सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

७ **सपुर्दगी सम्बन्धी अनुरोध मन्त्रालयमा पठाउनु पर्नेः** परराष्ट्र मन्त्रालयले दफा ६ बमोजिम प्राप्त सपुर्दगीको अनुरोध आवश्यक कारबाहीको लागि मन्त्रालय समक्ष पठाउनु पर्नेछ ।

८ **सपुर्दगी सम्बन्धी कारबाही अघि बढाउनु पर्नेः** (१) दफा ७ बमोजिमको अनुरोध प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यस्तो अनुरोध बमोजिम सपुर्दगीको कारबाही अघि बढाउने वा नबढाउने सम्बन्धमा पन्ध्र दिन भित्र निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले सपुर्दगीको कारबाही अघि बढाउने वा नबढाउने निर्णय गर्नु अघि देहाय बमोजिमको कार्य गर्नु पर्नेछः -

(क) सपुर्दगीको लागि पठाएको कसूरको तथ्य, सो सम्बन्धी विवरण, कागजात तथा प्रमाणहरुको अध्ययन तथा जाँचबुझ गर्ने,

(ख) खण्ड (क) बमोजिमको तथ्य, सो सम्बन्धी विवरण, कागजात तथा प्रमाण सपुर्दगीका लागि कारबाही अघि बढाउन पर्याप्त नदेखिएमा आवश्यक विवरण, कागजात तथा प्रमाण पेश गर्नका लागि कूटनीतिक माध्यम मार्फत माग गर्ने राज्यलाई लेखी पठाउने ।

(३) मन्त्रालयले उपदफा (१) बमोजिम सपुर्दगीको कारबाही अघि बढाउने निर्णय गरेमा सरकारी वकिल मार्फत अदालतको अनुमतिको लागि जिल्ला अदालतमा प्रतिवेदन पेश गर्न लगाउन प्रमुख जिल्ला अधिकारीलाई आदेश दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई आदेश दिंदा फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्नका लागि माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीबाट जारी गरिएको वारेण्ट समेत पठाई त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्न लगाउनु पर्नेछ ।

नेपाल कानून आयोग

(५) मन्त्रालयले सपुर्दगीको कारबाही अघि नबढाउने गरी निर्णय गरेको भएको भए त्यस्तो निर्णय तथा फरार अभियुक्त वा कसूरदार पक्राउ भए नभएको सम्बन्धमा माग गर्ने राज्यलाई कूटनीतिक माध्यमबाट तुरुन्त जानकारी गराउनु पर्नेछ।

९ **प्रमुख जिल्ला अधिकारीले पक्राउपूर्जी जारी गर्ने**: दफा ८ को उपदफा (४) बमोजिमको वारेण्ट प्राप्त भएपछि फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गर्न प्रमुख जिल्ला अधिकारीले प्रचलित बमोजिम पक्राउपूर्जी जारी गर्नुपर्नेछ।

१० **फरार अभियुक्त वा कसूरदारलाई अदालतसमक्ष पेश गर्ने**: दफा ९ बमोजिम जारी भएको पक्राउपूर्जीको आधारमा पक्राउमा परेको फरार अभियुक्त वा कसूरदारलाई प्रहरीले बाटोको म्याद बाहेक पक्राउ परेको चौबीस घण्टाभित्र जिल्ला अदालतमा पेश गरी सो अदालतको आदेशबमोजिम थुनामा राख्नुपर्नेछ।

११ **अदालतले प्रतिवेदन पेश गर्न आदेश दिने**: दफा १० बमोजिम थुनामा रहेको अभियुक्त वा कसूरदारलाई सपुर्दगीको प्रयोजनको लागि जिल्ला सरकारी वकिल मार्फत प्रतिवेदन पेश गर्न जिल्ला अदालतले प्रमुख जिल्ला अधिकारीलाई आदेश दिनु पर्नेछ।

१२ **प्रतिवेदन पेश गर्नुपर्ने**: (१) दफा ११ बमोजिम जिल्ला अदालतको आदेश प्राप्त भएको मितिले सात दिनभित्र पक्राउ परेको फरार अभियुक्त वा कसूरदारलाई माग गर्ने राज्यलाई सपुर्दगीको प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीले जिल्ला सरकारी वकिल मार्फत त्यस्तो अदालत समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश गर्दा थुनामा रहेको अभियुक्त वा कसूरदारलाई समेत सो अदालतसमक्ष उपस्थित गराई अदालतको आदेश बमोजिम थुनामा राख्नु पर्नेछ।

(३) दफा ९ बमोजिम पक्राउपूर्जी जारी गर्दा पनि फरार अभियुक्त वा कसूरदार पक्राउ नपरेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले मन्त्रालयको स्वीकृति लिई त्यस्तो अभियुक्त वा कसूरदारलाई सपुर्दगीको प्रयोजनको लागि सरकारी वकिल मार्फत जिल्ला अदालतमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) यस दफा बमोजिम अदालत समक्ष पेश गरेको प्रतिवेदनको एक प्रति प्रमुख जिल्ला अधिकारीले मन्त्रालयमा पठाउनु पर्नेछ।

१३ **अदालतको क्षेत्राधिकार**: (१) सपुर्दगीको अनुमतिको लागि दफा १२ बमोजिम प्रतिवेदन पेश हुन आएमा जिल्ला अदालतले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने वा नसकिने सम्बन्धमा निर्णय गर्दा देहायका कुराहरु बुझ्न सक्नेछ: -

(क) माग गर्ने राज्यले दफा ६ बमोजिमको प्रक्रिया पूरा गरी अनुरोध गरे वा नगरेको,

(ख) माग गर्ने राज्यले फरार अभियुक्त वा कसूरदार पक्राउ गर्नको लागि जारी गरेको वारण्ट सोही व्यक्ति पक्राउ गर्नका लागि जारी भएको हो वा होइन,

(ग) फरार अभियुक्त वा कसूरदार उपर लागेको आरोप वा ठहरिएको कसूर माग गर्ने राज्यको कानून बमोजिम सपुर्दगी गर्न सकिने कसूर हो वा होइन,

(घ) फरार अभियुक्त वा कसूरदार उपर लागेको आरोप वा ठहरिएको कसूर राजनीतिक प्रकृतिको वा सैनिक कानून अन्तर्गतको हो वा होइन,

(ङ) फरार अभियुक्त वा कसूरदारको सम्बन्धमा माग गर्ने राज्यको कानून बमोजिम अधिकार प्राप्त अदालतबाट दोषी ठहरिने वा नठहरिने गरी कुनै निर्णय भएको छ वा छैन,

(च) फरार अभियुक्त वा कसूरदारको सम्बन्धमा माग गर्ने राज्यको अधिकार प्राप्त अधिकारीले सजायको कारबाही नचलाउने वा सजाय माफी गर्ने गरी निर्णय गरेको छ वा छैन,

(छ) फरार अभियुक्तको सम्बन्धमा माग गर्ने राज्यको कानून बमोजिम कारबाही चलाउने हदम्याद समाप्त भएको छ वा छैन,

(ज) जात, जाति, वर्ण, धर्म, राष्ट्रियता वा राजनीतिक बिचारधाराको आधारबाट पूर्वाग्रहि भई कारबाही चलाउने, सजाय गर्ने वा सुनुवाई गर्ने उद्देश्यले सपुर्दगीका लागि अनुरोध गरिएको हो वा होइन,

(झ) फरार अभियुक्त वा कसूरदारउपर लागेको कसूर नेपालको कानून बमोजिम कसूर ठहरिने कार्य हो वा होइन,

(ञ) फरार अभियुक्त वा कसूरदारउपर लागेको आरोप वा ठहरिएको कसूर नेपाल कानून बमोजिम सपुर्दगी गर्न सकिने कसूर हो वा होइन,

(ट) फरार अभियुक्त वा कसूरदारउपर लागेको आरोप वा ठहरिएको कसूर वापत मृत्युदण्डको सजाय हुन सक्ने हो वा होइन,

(ठ) फरार अभियुक्त वा कसूरदारलाई माग गर्ने राज्यको कानून बमोजिम मृत्युदण्डको सजाय हुन सक्ने वा भएको रहेछ भने माग गर्ने राज्यले मृत्युदण्ड कार्यान्वयन नगर्ने प्रतिबद्धता व्यक्त गरेको छ वा छैन,

(ड) फरार अभियुक्त वा कसूरदार माग गर्ने राज्यको कानून बमोजिम सजायको उन्मुक्तिको सुविधा प्राप्त भएको व्यक्ति हो वा होइन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने वा नसकिने सम्बन्धमा निर्णय गर्दा जिल्ला अदालतले नबुझी नहुने अन्य कुनै प्रमाण बुझ्न सक्नेछ ।

(३) माग गर्ने राज्यले पेश गरेको विवरण, कागजात तथा प्रमाणबाट फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने देखिएमा जिल्ला अदालतले सपुर्दगी गर्न सकिने आदेश जारी गरी सपुर्दगी

सम्बन्धी काम पूरा नहुञ्जेलसम्मका लागि त्यस्तो अभियुक्त वा कसूरदारलाई बढीमा तीस दिनसम्म थुनामा राख्ने आदेश दिनु पर्नेछ ।

(४) माग गर्ने राज्यले पेश गरेको विवरण, कागजात तथा प्रमाणबाट फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्नुपर्ने मनासिब आधार नभएमा जिल्ला अदालतले त्यस्तो व्यक्तिलाई सपुर्दगी गर्न नसकिने आदेश जारी गरी थुनाबाट मुक्त गर्नुपर्नेछ ।

१४ **सपुर्दगी गर्नुपर्ने**: (१) दफा १३ को उपदफा (३) बमोजिम फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न सकिने आदेश प्राप्त भएमा त्यस्तो आदेश प्राप्त भएको मितिले तीन दिनभित्र नेपाल सरकारले माग गर्ने राज्यलाई त्यस्को जानकारी दिई तीस दिनभित्र त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सपुर्दगी गर्ने व्यवस्था मिलाउँदा नेपाल सरकारले फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने स्थान, मिति र समय निर्धारण गरी सोको जानकारी माग गर्ने राज्यलाई पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जानकारी गराईएको स्थान, मिति र समयमा फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने कुनै कारण भई सपुर्दगी गर्न नसकिने भएमा नेपाल सरकारले तुरुन्त सपुर्दगी गर्ने अर्को मिति, समय र स्थानको निर्धारण गरी माग गर्ने राज्यलाई जानकारी गराउनु पर्नेछ ।

१५ **सपुर्दगी गर्न नसकिने कुराको जानकारी गराउनु पर्ने**: (१) दफा १३ को उपदफा (४) बमोजिम फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने गरी जिल्ला अदालतले आदेश जारी गरेमा नेपाल सरकारले माग गर्ने राज्यलाई सोही व्यहोराको जानकारी तुरुन्त गराउनुपर्नेछ ।

(२) फरार अभियुक्त वा कसूरदार नेपाली नागरिक भएको कारणबाट सपुर्दगी गर्न नसकिने भएमा त्यस्तो अभियुक्त वा कसूरदारलाई प्रचलित नेपाल कानून बमोजिम कारबाही चलाइने व्यहोराको जानकारी नेपाल सरकारले माग गर्ने राज्यलाई गराउनु पर्नेछ ।

१६ **प्रचलित कानून बमोजिम कारबाही चलाउनु पर्ने**: (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ को उपदफा (४) वा दफा १५ को उपदफा (२) बमोजिम कुनै फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्न नसकिने भएमा नेपाल सरकारले त्यस्तो अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारबाही चलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फरार अभियुक्तउपर कारवाही चलाउँदा त्यस्तो अभियुक्तले माग गर्ने राज्यमा गरेको कसूर नेपालमा गरे सरह मानी प्रचलित कानून बमोजिम कारबाही चलाउन जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम फरार कसूरदारउपर कारबाही चलाउदा त्यस्तो कसूरदार माग गर्ने राज्यको सक्षम अधिकारी वा अदालतबाट कसूरदार ठहर भइसकेको भए प्रचलित कानून बमोजिम सजायको कार्यान्वयन गरिनेछ ।

(४) यस दफा बमोजिम फरार अभियुक्त वा कसूरदार सम्बन्धमा जिल्ला अदालतले गरेको निर्णय तथा भएको सजायको जानकारी नेपाल सरकारले माग गर्ने राज्यलाई गराउनु पर्नेछ ।

१७ **बुझि नलिए थुनाबाट मुक्त गर्ने**: यस ऐन बमोजिम जिल्ला अदालतले सपुर्दगी गर्न सकिने गरी आदेश जारी गरेमा सपुर्दगी नहुन्जेलसम्म सो अदालतको आदेश बमोजिम थुनामा रहेको अभियुक्त वा कसूरदारलाई बुझिलिनको लागि नेपाल सरकारले सूचना दिएको मितिले तीस दिनभित्र माग गर्ने राज्यले बुझी नलगेमा अदालतले अन्यथा आदेश दिएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई नेपाल सरकारले थुनाबाट मुक्त गर्नु पर्नेछ ।

१८ **एकभन्दा बढी राज्यबाट सपुर्दगीको माग भएमा**: एउटै फरार अभियुक्त वा कसूरदारका सम्बन्धमा एकभन्दा बढी राज्यले सपुर्दगीको माग गरेकोमा दफा १३ को उपदफा (२) बमोजिम जिल्ला अदालतले सपुर्दगी गर्न सकिने गरी आदेश गरेमा नेपाल सरकारले सबैभन्दा पहिले माग गर्ने राज्यलाई त्यस्तो अभियुक्त वा कसूरदारको सपुर्दगी गर्न सक्नेछ ।

१९ **विदेशी राज्यसँग सपुर्दगीको लागि माग गर्ने**: (१) नेपालभित्र कुनै कसूरको अभियोग लागेको वा कसूर गरेको ठहरिएको कुनै व्यक्ति भागी कुनै विदेशी राज्यको अधिकार क्षेत्र भित्रको कुनै इलाकामा बसेको रहेछ वा तेस्रो मुलुकमा जाने क्रममा पारवहनमा रहेछ भने त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्नको लागि नेपाल सरकारले कुटनैतिक माध्यम मार्फत सम्बन्धित राज्यको सरकारलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल पक्राउ गरी नियन्त्रणमा नलिएमा फरार अभियुक्त वा कसूरदार भागी बेपत्ता हुने सम्भावना भएमा त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई तत्काल पक्राउ गरी नियन्त्रणमा लिन नेपालले सोझै विदेशी राज्यमा अनुरोध गर्न सक्नेछ ।

तर पक्राउ परी नियन्त्रणमा लिनुपर्ने फरार अभियुक्तको हकमा प्रथम दृष्टिमा नै अभियुक्त देखिने प्रमाण र कसूरदारको हकमा फैसला समेत संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रमाण र फैसलाको आधारमा फरार अभियुक्त वा कसूरदारलाई पक्राउ गरिएको अवस्थामा पक्राउ परेको मितिले सात दिन भित्र यथाशक्य छिटो त्यस्तो फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगीको लागि नेपालले कूटनीतिक माध्यम मार्फत सम्बन्धित राज्य समक्ष अनुरोध गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम सपुर्दगीको लागि अनुरोध गर्दा देहायका विवरण तथा कागजात संलग्न गर्नुपर्नेछः

(क) फरार अभियुक्त वा कसूरदारको पहिचान हुन सक्ने यथार्थ विवरण र त्यस्तो अभियुक्त वा कसूरदारको हुलिया, राष्ट्रियता तथा यथासम्भव हाल बसोबास गरिरहेको स्थानको पुष्टी हुने जानकारी,

(ख) कसूर भएको स्थान, मिति र कसूरको विवरण,

(ग) कसूरसँग सम्बन्धित प्रमाण कागजात,

(घ) कसूरका सम्बन्धमा नेपालको प्रचलित कानूनी व्यवस्था र कसूर ठहरेमा वा ठहरि सकेकोमा हुनसक्ने वा भएको अधिकतम सजाय,

(ङ) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर बाहेक अन्य कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,

(च) सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूर वापत हुन सक्ने सजाय भन्दा कम सजाय हुन सक्ने कसूरमा कारबाही नचलाइने प्रतिबद्धता,

(छ) सपुर्दगी गरिएको फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै राज्यलाई पुनः सपुर्दगी नगर्ने प्रतिबद्धता ।

(ज) खण्ड (छ) बमोजिम सपुर्दगी नगरी नहुने अवस्थामा उक्त राज्यको पूर्व सहमति लिने प्रतिबद्धता ।

२० **संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः** यस ऐन बमोजिम फरार अभियुक्त वा कसूरदारको सपुर्दगी सम्बन्धी कारवाही गर्दा प्रचलित संक्षिप्त कार्यविधि ऐन बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

२१ **कानूनी सहायता उपलब्ध गराउनेः** फरार अभियुक्त वा कसूरदारलाई सपुर्दगी गर्ने प्रयोजनको लागि अदालतले कारबाही चलाउँदा त्यस्तो अभियुक्त वा कसूरदारले कानून व्यवसायी नियुक्त गर्न असमर्थ भएमा त्यस्ता अभियुक्त वा कसूरदारले चाहेमा अदालतले वैतनिक कानून व्यवसायीको सुविधा उपलब्ध गराउन सक्नेछ ।

२२ **सपुर्दगी सम्बन्धमा लागू हुने विशेष व्यवस्थाः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूरको सम्बन्धमा कारबाही चलाउने बाहेक अन्य कुनै कसूरमा अभियोग लगाउन वा सजाय गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सपुर्दगीका लागि अनुरोध गर्दाका बखत उल्लेख गरिएको कसूरसँग सम्बन्धित सानो प्रकृतिको अन्य कसूरमा समेत कारबाही चलाउनु परेमा नेपाल सरकारको सहमति लिई माग गर्ने राज्यले त्यस्ता अभियुक्त वा कसूरदारको विरुद्धमा कारबाही चलाउन सक्नेछ ।

२३ **कसूरसँग सम्बन्धित सम्पत्ति फिर्ता गर्नुपर्नेः** फरार अभियुक्त वा कसूरदार सपुर्दगी गर्दा त्यस्तो अभियुक्त वा कसूरदारलाई नेपालमा पक्राउ गर्दाका बखत कसूरसँग सम्बन्धित सम्पत्ति र सोबाट आर्जित अन्य सम्पत्तिमा

अन्य कसैको हक, दाबी वा अन्य कुनै पनि किसिमको दायित्व कायम हुने रहेछ भने सो बाहेकको त्यस्तो सम्पत्ति नेपाल सरकारले माग गर्ने राज्यलाई फिर्ता गर्न सक्नेछ ।

तर अचल सम्पत्तिका हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२४ **माग गर्ने राज्यले खर्च व्यहोर्नु पर्ने**: सपुर्दगीका सम्बन्धमा लागेको खर्च माग गर्ने राज्यले व्यहोर्नु पर्नेछ ।

तर अदालती कारबाहीका सम्बन्धमा लाग्ने खर्च व्यहोर्नु पर्ने छैन ।

२५ **सपुर्दगी भई आएको अभियुक्त वा कसूरदारउपर कारबाही**: (१) नेपाल सरकारको अनुरोधमा कुनै विदेशी राज्यबाट सपुर्दगी भई आएको फरार अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारबाही चलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कारबाही चलाइएको व्यहोराको जानकारी नेपाल सरकारले त्यस्तो विदेशी राज्यलाई दिनु पर्नेछ ।

२६ **पुन:सपुर्दगी गर्न नहुने**: (१) नेपालबाट सपुर्दगी भएको कुनै फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै तेस्रो राज्यमा सपुर्दगी गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम सपुर्दगी गरिएको फरार अभियुक्त वा कसूरदारलाई अन्य कुनै तेस्रो राज्यमा सपुर्दगी नगरी नहुने भएमा त्यस्तो राज्यले सपुर्दगी गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम नेपाल सरकारले अभियुक्तको हकमा कारवाही किनारा नहुँदै वा कसूरदारको हकमा निजले पाएको सजाय भुक्तान नहुँदैको अवस्थामा पूर्व स्वीकृति दिने छैन ।

२७ **प्रमाण सम्बन्धी विशेष व्यवस्था**: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कारबाही चलाइएको सपुर्दगी गर्न सकिने कसूरको मुद्दाको सम्बन्धमा माग गर्ने राज्यबाट प्राप्त हुन आएको सबुत प्रमाण तथा लिखतहरु अदालतले प्रमाणमा लिन सक्नेछ ।

२८ **बाधा अड्काउ फुकाउने अधिकार**: यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

२९ **खारेजी र बचाउ**: (१) सपुर्दगी ऐन, २०४५ खारेज गरिएको छ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि सपुर्दगीको कारवाही शुरु भईसकेको अवस्थामा सपुर्दगी ऐन, २०४५ को कार्यविधि अपनाउनु पर्नेछ ।